प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं.१
विराटनगर

फोन नं. ०२१-५७२९०६, ०२१-५७४३३१, ०२१-५७५७८५, ०२१-५७११४०, ०२१-५७३६७६, ०२१-५७४१६८

अत्यन्त जरुरी

प.सं. : ०७८/०७९
च.नं. : 834

मिति : २०७८/०९/३०

विषयः- स्वीकृत बजेट तथा कार्यक्रम यकिन गरेर मात्र कार्यान्वयन गर्ने गराउने सम्बन्धमा।

श्री सबै मन्त्रालय/ निकाय/ कार्यालयहरु,
श्री सबै स्थानीय तहहरु,
प्रदेश नं.१

प्रस्तुत बिषयमा प्रदेश सरकार अन्तरगतका निकायहरुबाट कार्यान्वयन हुने तथा स्थानीय तहमा वित्तीय हस्तान्तरणका लागि स्वीकृत बजेट तथा कार्यक्रम प्रकाशन गरी यस मन्त्रालयको वेवसाईटमा राखिएको एवम् प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा समेत प्रविष्टि गरिएको छ। बजेट कार्यान्वयन एवम् निकासा गर्दा, रकमान्तर वा थप निकासा भई आएकोमा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टि स्वीकृत भएको यकिन गरी वा यस मन्त्रालयको आधिकारिक इमेलबाट प्राप्त भएको पत्र/कागजात वा हुलाक मार्फत् प्राप्त भएको आधिकारिक पत्र/कागजातलाई मात्र मान्यता दिई बजेट कार्यान्वयन एवम् खरिद प्रक्रिया अगाडि बढाउनहुन अनुरोध छ। प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली PLMBIS मा स्वीकृत नदेखिएको, आधिकारिक रुपमा प्राप्त नभएको पत्र वा कागजातको आधारमा बजेट तथा कार्यक्रम कार्यान्वयन नगराउनुहुन अनुरोध छ। कुनै अनधिकृत वा शंकास्पद पत्र वा कागजात फेला परेमा वा त्यस्तो गतिविधि भईरहेको देखिएमा यस मन्त्रालयमा एवम् मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा जानकारी उपलब्ध गराइदिनहुन निर्देशानुसार अनुरोध छ।

बोधार्थः
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं.१, विराटनगर।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं.१, विराटनगर।

विदुर पौडेल
शाखा अधिकृत
शाखा अधिकृत
अधिकृतस्तर (सातौं)